सिद्ध कुमारव गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ढोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

प.स.२०८०।८१
च.न.

**मिति २०८०/१२/२३ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :**

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।
२. जिल्ला खेलकुद विकास समिति सल्यानलाइ आर्थिक सहायता सम्बन्धमा ।
३. शिक्षक तथा कर्मचारी भर्ना सम्बन्धमा ।
- अनमी - खार्वन स्वास्थ्य केन्द्र
- अनुदान शिक्षक - नेरामावि शान्ति  सुन्दरमावि

४. कर्णाली प्रदेशमा समपुरक र विशेष अनुदान माग सम्बन्धमा ।
५. कार्यविधि स्वीकृत सम्बन्धमा ।
- बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धि कार्यविधि २०८०

६. शैक्षिक वर्ष २०८१ को शैक्षिक कार्य पात्रो स्वीकृत सम्बन्धमा ।
७. शारदा नपा द्वारा आयोजित क्रिकेटमा सहभागिता खर्च सम्बन्धमा ।
८. विद्यालयलाइ निजी श्रोत शिक्षक व्यवस्थापन अनुदान सम्बन्धमा ।
९. विद्यालयको कक्षा थप अनुमति सम्बन्धमा ।
१०. **JESI Audit** कार्यदल गठन सम्बन्धमा ।
११. आर्थिक सहायता सम्बन्धमा ।
१२. विविध ।
- लघु उद्यम विकास कार्यक्रम वडा छनौट ।
- अतिथि सत्कार रकम भुक्तानी ।
- ढोरचौर प्रहरी चौकी मौलो पुजा रकम भुक्तानी ।
- पोषाक भत्ता सम्वन्धमा ।

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८०/११/०३ गते बसेको गाउँ कार्यपालिकाको दशौं बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ जिल्ला खेलकुद विकास समिति सल्यानलाइ आर्थिक सहायता सम्बन्धमा।**

**निर्णय नं २:**

जिल्ला खेलकुद विकास समिति सल्यान द्धारा प्रदेश स्तरिय खेलकुदमा जिल्लाबाट सहभागिताका लागि भएको अपुग रकमका लागि सहयोग माग गरेकोले यस गाउँपालिकाको तर्फबाट रु ५० हजार रकम संस्थागत सहायता शिर्षकबाट सहयोग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ शिक्षक तथा कर्मचारी भर्ना सम्बन्धमा ।**

**निर्णय नं ३:**

गाउँपालिका अन्तरगतका संस्था तथा विद्यालयहरुका लागि देहायका कर्मचारी आवश्यक परेकोले सोहि तहका करार कर्मचारीको वरावर तलब भत्ता पाउने गरि कर्मचारी भर्ना गर्ने निर्णय गरियो ।

| सिन | पद | तह/विषय | काम गर्नु पर्ने संस्था | संख्या |
|---|---|---|---|---|
| १ | अनमी | चौथो | आधारभुत स्वास्थ्य केन्द्र खार्बन | १ |
| २ | अ हे व | चौथो | आधारभुत स्वास्थ्य केन्द्र भडारे | १ |
| २ | शिक्षक | आवि/विज्ञान | ने.रा.मा.वि छापडाँडा | १ |
| ३ | शिक्षक | आवि/सामाजिक | शान्ति सुन्दर मावि खार्बन | २ |
| | शिक्षक | आवि/अग्रेजी/नेपाली | जनता कालिका आवि चिनाली | २ |
| ४ | कार्यालय सहयोगी | श्रेणीविहीन | नवज्योती प्रारम्भिक बालविकास केन्द्र सिद्ध कुमाख गापा ५ गुइदे सल्यान | १ |

माथि उल्लेखित पदपुर्ति प्रकृयामा बैकल्पिक योग्यताक्रमको उम्मेदवारका लागि सुचना गर्ने र नआएमा मात्र विज्ञापन आव्हान गर्ने ।

**प्रस्ताव नं ४ प्रदेश समपुरक र विशेष अनुदान माग सम्बन्धमा ।**

**निर्णय नं ४:**

प्रदेश योजना आयोगको मिति २०८०।११।०४ गते प्रकाशित सुचना अनुसार आगामी आव २०८१।८२ का लागि कार्यान्वयन हुने प्रदेश समपुरक र विशेष अनुदानका देहायको योजना तथा कार्यक्रमहरुको प्रस्ताव माग गरि पठाउने निर्णय गरियो ।

**समपुरक अनुदान तर्फ**

| **क्र. सं.** | **योजना/ कार्यक्रम** | **गाउँपालिकाको लागत प्रस्तावित रुकम** | **प्रदेश सरकारको लागत प्रस्तावित रकम** |
|---|---|---|---|
| २ | उलाल्ने-खार्वन-सागिने सडक स्तरोन्नती वडा नं ४ | १ करोड | १ करोड |

**विशेष अनुदान तर्फ**

| **क्र. सं.** | **योजना/ कार्यक्रम** | **संघिय सरकारको लागत प्रस्ताव रकम** |
|---|---|---|
| २ | महेन्द्र आदर्श मावि भवन निर्माण वडा नं १ | ६० लाख |

**प्रस्ताव नं ५ बैठकमा पेश भएका कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।**

**निर्णय नं ५**

देहायको कार्यविधिहरु आजको कार्यपालिका बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।

- बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धि कार्यविधि २०८०

**प्रस्ताव नं ६ २०८१ को शैक्षिक कार्यपात्रो स्वीकृत गर्ने सम्बन्धमा ।**

**निर्णय नं ६:**

सिद्ध कुमाख गाउँपालिकाको शैक्षिक गतिविधिहरुलाई नियमित र व्यवस्थित गर्नका लागि गाउँ शिक्षा समिति द्धारा निर्माण गरि पेश भएको २०८१ को शैक्षिक कार्य पात्रो स्वीकृत गरि लागु गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ७ शारदा नपा द्धारा आयोजित क्रिकेट प्रतियोगितामा सहभागिता सम्बन्धमा ।**

**निर्णय नं ७:**

शारदा नगरपालिका सल्यान द्धारा नयाँ वर्ष २०८१ को उपलक्ष्यमा आयोजना गरिने **Sharada Mayor's New Year T20 cup 2080** पुरुष क्रिकेट प्रतियोगितामा गाउँपालिका द्धारा खेलाडीहरु सहभागी गराउने र उपयुक्त शिर्षकबाट आवश्यक खर्च व्यवस्था मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं ८ विद्यालयलाइ निजी श्रोत शिक्षक व्यवस्थापन अनुदान सम्बन्धमा ।**

**निर्णय नं ८:**

सिद्ध कुमाख गाउँपालिकाले दरबन्दि मिलान गरी विद्यालयका लागि आवश्यक शिक्षकहरु गाउँपालिका द्धारा व्यवस्थापन गर्ने र विद्यालयले निजी श्रोतबाट राखिएको शिक्षक हटाउने निर्णय गर्नु पुर्व विद्यालयहरु द्धारा राखिएका निजी श्रोतका शिक्षकको व्यवस्थापन गर्नका लागि देहायका विद्यालयहरुलाई तपशिलको एकमुष्ट अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो ।

| सि न | विद्यालयको नाम | शिक्षक संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | श्री महेन्द्र आदर्श मा.वि. बाँझकाडा | ७ | १५०००० |
| २ | श्री नेपाल राष्ट्रिय मा.वि. छापडाँडा | ३ | १००००० |
| ३ | श्री जनसेवा आ.वि. सागिने | ३ | ८०००० |
| ४ | शान्ति सुन्दर मा. वि. खार्वन | ३ | १०००० |
| ५ | श्री हिमालय आ.वि. डाँडाकटेरी | ५ | ४०००० |
| ६ | श्री सिद्ध मा.वि. भडारे | ३ | ४०००० |
| ७ | श्री बाल कल्यान आ.वि. फलाँटे | ४ | २०००० |
| ८ | श्री हिमालय आ.वि. माझखर्क | २ | ३०००० |
| ९ | श्री सरस्वति बाल आ.वि. घरेली | १ | ३०००० |

**प्रस्ताव नं ९ विद्यालयलाई कक्षा थप अनुमति प्रदान गर्ने सम्बन्धमा ।**

**निर्णय नं ९:**

देहायका विद्यालयहरुले आगामी शैक्षिक सत्र २०८१ देखि संचालन गर्ने गरि कक्षा थप अनुमति माग गरेकोमा शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०४९ बमोजिमको मापदण्ड र प्रकृया पुरा भएको देखिएकोले कक्षा थप अनुमति प्रदान गर्ने निर्णय गरियो ।

| सि न | विद्यालयको नाम | कक्षा थप अनुमति |
|---|---|---|
| १ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सिद्ध | कक्षा ११ र १२ |

| | | |
|---|---|---|
| | कुमाख ५ छापडाँडा सल्यान | |
| २ | ब्राइट ह्यूमन एकेडेमी सिद्ध कुमाख ३ ढोरचौर सल्यान | कक्षा ७ |

**प्रस्ताव नं १० JESI Audit परीक्षण कार्यदल गठन सम्बन्धमा ।**

**निर्णय नं १०:**

सिद्ध कुमाख गाउँपालिकाको आव २०७९।८० को **JESI Audit** गर्नका लागि देहायको कार्यदल गठन गर्ने निर्णय गरियो ।

१. उपाध्यक्ष श्री रामबहादुर बस्नेत -संयोजक
२.प्र.प्र.अ. श्री डिल्ली खड्का -सदस्य
३. शिक्षा अधिकृत श्री प्रतिभा वली खड्का -सदस्य
४. लेखापाल श्री रबिन्द्र बहादुर थापा -सदस्य
५. स.म.वि.नि. श्री विमला खत्री -सदस्य सचिव

**प्रस्ताव नं ११ आर्थिक सहायता सम्बन्धमा ।**

**निर्णय नं ११:**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | राम बहादुर परियार | सिद्ध कुमाख गाउँपालिका-१ सल्यान | क्षयरोगबाट ग्रसित | रु १५ हजार मात्र |
| २ | ओपिराम बोहरा | सिद्ध कुमाख गाउँपालिका-४ सल्यान | मृगौला पिडित | रु १५ हजार मात्र |
| ३ | गजेन्द्र विक | सिद्ध कुमाख गाउँपालिका-१ सल्यान | पेटको समस्या | रु १५ हजार |
| ४ | विमला परियार | सिद्ध कुमाख गाउँपालिका-१ सल्यान | भुकम्पले घर चर्किएको | रु १५ हजार |
| ५ | जनजाति समाज | सिद्ध कुमाख-४ | जनजाति मेला | रु १० हजार |

| | | | | |
|---|---|---|---|---|
| | | सल्यान | लगाउन | |
| ६ | जनक भण्डारी | सिद्ध कुमाख १ सल्यान | बैदेशिक रोजगारीमा मृत्यु | रु २५ हजार |
| ७ | बिना कामी | सिद्ध कुमाख गाउँपालिका-१ सल्यान | भुकम्पले घर चर्किएको | रु १५ हजार |
| ८ | सुनिता बुढाथोकी | सिद्ध कुमाख ५ सल्यान | गाडी दुर्घटनामा घाइते | रु १० हजार |

**प्रस्ताव नं १२ विविध सम्बन्धमा ।**

**निर्णय नं १२:**

- यस सिद्ध कुमाख गाउँपालिका द्धारा चालु आव २०८०।८१ मा लघु उद्यम विकास कार्यक्रम संचालन गर्नका लागि वडा नं १ लाई छनौट गर्ने निर्णय गरियो ।
- विभिन्न समयमा गाउँपालिकामा विशिष्ट व्यक्तित्वहरुको आगमन हुदा खानपिन स्वागत सत्कार तथा होटेलबास वापत भएका विभिन्न खर्चहरु औचित्यता लाई ध्यान ध्यान दिई बिल भरपाईका आधारमा रकम भुक्तानी दिने निर्णय गरियो ।
- वडा दशैं २०८० को उपलक्ष्यमा प्रहरी चौकी ढोरचौर सल्यान द्धारा मौलो पुजा गर्दा भएको खर्च बापत रु १५ हजार विल भरपाईका आधारमा उपयुक्त शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।
- सिद्ध कुमाख गाउँपालिकाबाट नियुक्त भएका गापा अनुदान शिक्षक र बहुक्षेत्रिय पोषण कार्यक्रममा कार्यरत पोषण सहजकर्ताको पोषाक भत्ता नियमानुसार उपलव्ध गराउने निर्णय गरियो ।